स्थानिय राजपत्र प्रकासन सम्बन्धी कार्यविधि, २०७५

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग २ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०६ संख्याः ०७ मितिः २०७९।०५।०१

## भाग-२

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७९।०४।३१ गते विरुवा गाउँपालिकाको कार्यपालिकाले बनाएको **"बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि २०७९"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः**

कृषि तथा पशुपालन व्यवसायमा भएका जोखिमहरु कम गरी ती व्यवसायतर्फ कृषकहरुलाई आकर्षण गर्न कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी बढाउन आवश्यक भएकोले कृषिको व्यवसायीकरणका लागि जोखिम न्यूनीकरण गरी कृषकले पशुपन्छी र कृषि उपजमा गरेको लगानीलाई सुरक्षित गर्न माछा, पशुपन्छी र बाली बिमा कार्यक्रममा कृषकले तिरेको बिमा प्रिमियमबापतको ८०% रकम संघीय सरकारले व्यहोर्दै आएको सन्दर्भमा यस विरुवा गाउँपालिकाले आ.ब.२०७९/८० मा बाली तथा पशुधनको बिमा प्रिमियमबापत कृषकले तिर्ने बीमा शुल्कको २०% बीमा प्रिमियम रकमको ५०% रकम गाउँपालिकाले व्यहोर्ने गरि बजेट विनियोजन भए अनुसारको कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, विरुवा गाउँकार्यपालिकाले विरुवा गाउँपालिकाको कृषि तथा पशु व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ को दफा ३६ दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले बाली तथा पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रमलाई सरल, सहज,व्य वस्थित, प्रभावकारी र पारदर्शी रुपले कार्यान्वयन गर्न यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **"बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि २०७९"** रहेको छ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखी लागू हुनेछ ।

**२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "बाली"भन्नाले अन्नबाली, तरकारी, फलफूललाई सम्झनुपर्नेछ ।

(ख) "पशुधन"भन्नाले घरपालुवा पशु र पन्छीहरु जस्तै गाई, भैंसी, बाखा,भेडा, कुखुरा, मौरीलाई सम्झनुपर्नेछ

(ग) "गाउँपालिका" भन्नाले विरुवा गाउँपालिका सम्झनुपर्नेछ ।

(घ) "कृषि तथा पशु सेवा शाखा" भन्नाले विरुवा गाउँपालिकाको कृषि तथा पशु सेवा शाखा सम्झनुपर्नेछ।

(ङ) "कार्यविधि" भन्नाले बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यविधि-२०७९ सम्झनुपर्नेछ।

**३. उद्देश्यहरुः**

(क) कृषकको काबुभन्दा बाहिरको परिस्थितीबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरुलाई

व्यावसायिक खेती तथा पशुपालनतर्फ आकर्षित गर्न सहयोग गर्ने,

४. **कार्यक्रम संचालन हुने स्थानहरुः** यस विरुवा गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडाहरु ।

५. **कार्यक्रमको अवधिः यस कार्यक्रमको अवधि एक आर्थिक वर्षको हुनेछ ।**

६. **कार्यक्रम लागू हुने पशु तथा बालीः**

(क) गाई

(ख) भैंसी

(ग) बाखा

(घ) भेडा

(ङ) बङ्गुर

(च) लेयर्स कुखुरा

(छ) अन्नबाली

(ज) तरकारी बाली

(झ) मौरी

(ञ) फलफूल बाली

६. **कार्यक्रम संचालनको लागि कृषक छनोटका आधारहरुः**

(क) विरुवा गाउँपालिकाभित्र कृषि तथा पशुपालन व्यवसाय गरेको हुनुपर्नेछ।

(ख) बीमा ऐन, २०४९ बमोजिम दर्ता भएको बिमा कम्पनी, समूह वा सहकारीबाट बिमा गरेको हुनुपर्दछ।

(ग) बजेट विनियोजित भएको आर्थिक वर्षभित्र बीमा गरिएको हुनुपर्नेछ।

**७. कार्यक्रम संचालन प्रक्रियाः**

(क) कार्यक्रमको बजेट स्वीकृत भएपछि विरुवा गाउँपालिका कृषि तथा पशु सेवा शाखाले अनुसुची - १ बमोजिम सार्वजनिक सूचना आव्हान गर्नेछ ।

(ख) अनुदान प्राप्त गर्न इच्छुक कृषकले बाली तथा पशुपन्छी बीमा गरी कृषि तथा पशु सेवा शाखाले उपलब्ध गराएको अनुसुची-२ बमोजिम ढाँचाको निवेदन पेश गर्नुपर्नेछ ।

(ग) कृषि तथा पशु सेवा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट निवेदन स्वीकृत गरिनेछ।

(घ) आषाढ मसान्त अगावै यस कार्यक्रमका लागि विनियोजित सम्पूर्ण बजेट खर्च भएमा कार्यक्रम स्वतः समाप्त हुनेछ ।

(ङ) बाली तथा पशुधन बीमा कार्यक्रमबाट कृषकहरुले कृषि तथा पशु बिमा प्रिमियमबापत तिर्ने बीमा शुल्कको २०% रकमको ५०% रकम विरुवा गाउँपालिकाले उपलब्ध गराउनेछ।

**८. भुक्तानी प्रक्रियाः** बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रमको भुक्तानी प्रक्रिया गाउँ कृषि तथा पशु सेवा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरि कृषि तथा पशु सेवा शाखाले लेखाशाखाबाट एकमुष्ठ चौमासिक रुपमा ५०% रकम विमा गर्ने कृषक,

फर्म, समूह, सहकारीको बैंक खातामा उपलब्ध गराउनु पर्ने छ ।

९. **अभिलेख राख्नु पर्नेः** कृषि तथा पशुपक्षिं शाखाले विमा रकम प्राप्त गर्ने कृषक, कृषि फर्म तथा समूहको अभिलेख सबै विवरण खुल्ने गरि चुष्त दुरुष्त रुपमा राख्नु पर्न छ ।

# अनुसुची-१

# बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रमका लागि

# दरखास्त आव्हानको सूचना

विरुवा गाउँपालिका कृषि तथा पशु सेवा शाखाको आ.ब. २०....../...........को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषकको काबुभन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरि कृषकहरुलाई व्यावसायिक खेती तथा पशुपालन तर्फ आकर्षित गर्न सहयोग गर्न बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रम रहे अनुसार तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुबाट आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक कृषकले यो सूचना प्रकाशन भएको मितिले कार्यक्रम समाप्तिको सूचना प्रकाशन नहुँदा सम्म तोकिएको ढाँचा अनुसारको आवेदन फारम कृषि तथा पशु सेवा शाखामा पेस गर्नुहोला । विस्तृत जानकारीको लागि विरुवा गाउँपालिकाको कृषि तथा पशु सेवा शाखा मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**<u>मापदण्ड / आधारहरुः</u>**

- विरुवा गाउँपालिका भित्र कृषि तथा पशुपालन व्यवसाय गरेको हुनुपर्नेछ ।
- बीमा ऐन, २०४९ बमोजिम दर्ता भएको बीमा कम्पनी, समूह वा सहकारीबाट बीमा गरेको हुनुपर्दछ।

- बजेट विनियोजित भएको आर्थिक वर्षभित्र बीमा गरिएको हुनुपर्नेछ ।

**<u>आवश्यक कागजातहरु</u>**

- अनुसूची २ बमोजिमको निवेदन ।
- पशु विमा प्रमाण पत्रको प्रतिलिपि ।
- वडषा कार्यालयबाट विरुवा गाउँपालिका भित्र कृषि तथा पशुपालन गरेको व्यहोरा सहितको विमा रकम उपलब्ध गराई दिने सिफारीस ।
- दर्ता भएको फर्म, समूह वा सहकारी भएमा दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- नविकरण गर्नु पर्ने वा कर चुक्त गर्नु पर्ने भए सो को प्रतिलिपि ।
- नेपालि नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- बिमा गरेको पशु तथा बालिको प्रष्ट देखीने फोटो ।

अनुसुची २

निवेदनको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
विरुवा गाउँपालिका, स्याङ्जा ।

विषयः बीमा प्रिमियम अनुदान रकम पाउँ ।

उपरोक्त सम्बन्धमा यस विरुवा गाउँपालिका कृषि तथा पशु सेवा शाखाको आ.ब. मा स्वीकृत बाली तथा पशुधन बिमा प्रिमियममा अनुदान कार्यक्रमको अनुदान रकमका लागि यसै निवेदन साथ तपसिलका कागजातहरु संग्लग्न राखी यो निवेदन पेस गरेको छु ।

तपसिलः

१. पशु बीमा प्रमाण पत्रको प्रतिलिपि ।
२. वडा कार्यालयबाट विरुवा गाउँपालिकाभित्र कृषि तथा पशुपालन गरेको व्यहोरा सहितको सिफारिस
३. चेकको प्रतिलिपि

निवेदक
हस्ताक्षरः
कृषकको ठेगानाः
कृषकको नाम,थरः
सम्पर्क नं.:

आज्ञाले
अनन्तराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत